आज मिति २०७८ साल कार्तिक २५ गते मंगलवारका दिन बेसीशहर नगरपालीकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा कार्यपालीकाको ६२ औं बैठक बसी तपसिल बमोजिम उपस्थितीमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

१.	प्रमुख	श्री गुमान सिंह अर्याल
२.	उप - प्रमुख	श्री लक्ष्मी देवी भण्डारी
३.	वडा अध्यक्ष वडा नं. १	श्री बलराम श्रेष्ठ
४.	" " "	२ श्री गणेश बहादुर कंडेल
५.	" " "	३ श्री सुर्य कुमार श्रेष्ठ
६.	" " "	४ श्री लालविर गुरुङ
७.	" " "	५ श्री बम बहादुर गुरुङ
८.	" " "	६ श्री भोज बहादुर रिमाल
९.	" " "	७ श्री गोबिन्द बहादुर बस्नेत
१०	" " "	८ श्री पवित्रा थापा राना
११	" " "	९ श्री शरद बराल
१२	" " "	१० श्री पूर्ण बहादुर थापा
१३	" " "	११ श्री अच्युत बाबु बगाले
१४.	कार्यपालीका सदस्य	श्री विष्णु माया राना
१५.	" "	श्री मन्दिरा दनाई
१६.	" "	श्री देव बहादुर गहतराज
१७.	" "	श्री अजय मजाकोटी
१८.	" "	श्री मनमाया गुरुङ
१९.	" "	श्री दोज बहादुर खवास
२०.	" "	श्री कृष्ण नेपाली
२१.	" "	श्री आशा तामाङ
२२.	सदस्य सचिव	श्री पुष्पराज पौडेल
	सहजकर्ता कर्मचारी	
२३.	कार्यक्रम अधिकृत	श्री भेद्रेन्द्र पोरवेल
२४.	अधिकृत	श्री विमला गैह्रे

बैठकका प्रस्तावहरु

१. मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका सम्बन्धमा
२. सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
३. समितिगत संरचना गठन गरी बेसीशहर नगरपालिकाको विकासमा सहयोग पुऱ्याउने सम्बन्धमा
४. सामुदायिक भवनतर्फका योजना सम्बन्धमा ।
५. दलित बस्तीका सामुदायिक भवन तर्फका योजना सम्बन्धमा ।
६. लागत साझेदारीमा सडक कालोपत्रेतर्फका योजना सम्बन्धमा
७. विद्युत सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने सम्बन्धमा ।
८. त्रिवेणीघाटको बालुवा, गाभेल गिटीको ठेक्का सम्बन्धमा ।
९. आइसोलेसनमा रहेका कोभिड संक्रमितहरुलाई खाना खर्चको भुक्तानी सम्बन्धमा ।
१०. फूलबारी मैदान व्यवस्थापन योजनाको म्याद थप सम्बन्धमा । २०७७ पौष मसान्तसम्म ।
११. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा । विष्ट निर्माण सेवा बेनपा ६ प्रो. विष्णु बहादुर विष्ट
१२. गरीबसंग विश्वेश्वर कार्यक्रम सम्बन्धमा ।
१३. प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रस्ताव कार्यान्वयन अनुगमन समितिको गठन सम्बन्धमा
१४. मुद्धा पुर्पक्षको लागि बजेट विनियोजन सम्बन्धमा ।
१५. वडास्तरीय योजनाको नाम संशोधन/योजना संशोधन सम्बन्धमा
१६. विविध
    - आयुर्वेद स्वास्थ्य केन्द्रमा प्रतिनिधि तोक्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं १ : मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका सम्बन्धमा ।

कृषि तथा गैह्र कृषिमा आधारित उत्पादनमूलक, निर्माण तथा सेवामुलक लगायतका क्षेत्रमा विभिन्न किसिमका उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्ने कार्यमा नगरबासीहरुलाई सहयोग गरी आर्थिक विकास र समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले तयार गरिएको *बेसीशहर नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका २०७७* स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २ : सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

नगरवासीलाई उद्यम तथा व्यवसायमा आकर्षित गर्दै समग्र आर्थिक विकास र स्वरोजगारीलाई प्रभावकारी बनाउन वैदेशिक रोजगारबाट फर्केका, नगरपालिका भित्रै रहेका बेरोजगार नागरिकहरुका लागि अवसरहरू सिर्जना गर्न, उनीहरुको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै स्वरोजगार बनाउने उद्देश्यले उद्यम व्यवसायहरुको विकास र प्रवर्द्धन गर्न *सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यक्रम* स्वीकृत गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : समितिगत संरचना गठन गरी बेसीशहर नगरपालिकाको विकासमा सहयोग पुऱ्याउन अनुरोध गर्ने सम्बन्धमा

बेसीशहर नगरपालिका जन्मस्थान भई हाल भौतिकरुपमा काठमाण्डौ लगायत नगरपालिका भन्दा बाहिर रहेर विभिन्न विधा र क्षेत्रमा ज्ञानसीप, अनुभव र विज्ञता हासिल गरेका लब्धप्रतिष्ठित व्यक्तित्वहरुको साथ सल्लाह र सहयोग प्राप्त हुन सकेमा बेसीशहर नगरपालिकाको समग्र प्रगति, विकास र उन्नयनमा महत्वपूर्ण टेवा

पुग्न जाने तथा त्यस्तो साथ सहयोगमार्फत आफ्नो जन्मस्थानको नगरपालिकासंग जोडिएर यथासक्य योगदान दिने अवसर समेत प्राप्त गर्न सकिने भएकोले हाल नगरपालिका भन्दा बाहिर क्रियाशिल रहेका व्यक्तित्वहरु विच बेसीशहर नगरपालिकाका साथीहरु वा अन्य कुनै उपयुक्त नामाकारण गरी एक समितिगत संरचना गठन गर्न हार्दिक अपिल गर्दै बेसीशहर नगरपालिकाको तर्फबाट आवश्यक सहयोग पुऱ्याउने निर्णय गरियो ।

निर्णय नं ४ : सामुदायिक भवनतर्फका योजना सम्बन्धमा ।

चालु आ.व.२०७७।०७८ मा बेसीशहर नगरपालिका र स्थानीय समुदायको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि विनियोजित बजेटबाट प्राप्त निवेदन समेतका आधारमा देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय:

क्र.सं	निवेदक	आयोजनाको नाम	वडा नं	विनियोजित रकम रु.
१	श्रीप्रसाद गुरुङ	कन्यादेवी आमा समुह भवन निर्माण	१०	५०००००
२	बृत्तकाशी गुरुङ	स्वामीदेवी आमा समुह भवन निर्माण	९	३०००००
३	दुधजंग गुरुङ	ज्यामिरे गाउँ सामुदायिक भवन निर्माण	३	५०००००
४	मैत कुमारी तामाङ	मितेरी आमा समुह भवन निर्माण	१०	२०००००
५	प्रेमदत्त सेढाई	रामचोकबेसी पल्लोटारी सामुदायिक भवन निर्माण	११	५०००००
६	यम बहादुर आले	सृजना आमा समुह भवन निर्माण	२	५०००००
७	राजेश श्रेष्ठ	नेवा गुठी सामुदायिक भवन निर्माण	११	१०००००
८	हिरासिंह गुरुङ	चिसापानी सामुदायिक भवन निर्माण	२	५०००००
९	फूलमाया तामाङ	प्रगतिज्योती नागरिक आमा समुह भवन निर्माण	१०	५०००००
१०	भरत कुमार श्रेष्ठ	बेसीशहर धर्मसिंह गुठी सामुदायिक भवन निर्माण	३	२०००००
	जम्मा			३८,००,०००

निर्णय नं ५ : दलित सामुदायिक भवनतर्फका योजना सम्बन्धमा ।

चालु आ.व.२०७७।०७८ मा बेसीशहर नगरपालिका र स्थानीय दलित समुदायको क्रमशः ७०/३० प्रतिशत लागत साझेदारीमा दलित समुदायमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि विनियोजित बजेटबाट प्राप्त निवेदन समेतका आधारमा देहायका योजनाहरु छनौट गरी उक्त शिर्षकमा अपुग रकम पूर्वाधार फुटकर शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

देहाय :

क्र.सं	निवेदक	आयोजनाको नाम	वडा नं	विनियोजित रकम रु.
१	शेर बहादुर विक	सूर्यमुखी दलित सामुदायिक भवन निर्माण	५	४०००००
२	श्याम बहादुर मिजार	बुढीकुवा दलित युवा सामुदायिक भवन	११	२५००००
३	सरस्वती परियार	भगवती आमा समुह भवन निर्माण	५	३५००००
४	आइतसिंह विश्वकर्मा	तल्लो खासुरटोल दलित सामुदायिक भवन निर्माण	१०	२०००००
५	चिजमाया मजाकोटी	गोदावरी आमा समुह दलित सामुदायिक	३	४०००००

६	डिलमाया परियार	परिवर्तनशील आमा समुह दलित सामुदायिक भवन निर्माण (फुटकर शिर्षक)	३	४०००००
७	पूर्ण दमै	परियार सेवा समाज दलित सामुदायिक भवन निर्माण	१	२०००००
८	रतनपुर टोल विकास समिति	रतनपुर टोल विकास समिति दलित सामुदायिक भवन निर्माण	१	३५००००
९	मेनुका विक	सयपत्री आमा समुह दलित सामुदायिक भवन निर्माण	१०	२५००००
	जम्मा			२८०००००

भवनतर्फका योजनाहरुको संभौता १ महिना भित्र सम्पन्न गर्ने गरी प्रक्रिया अघि बढाउन कार्यलाई निर्देशन दिने ।

निर्णय नं ६ : लागत साझेदारीमा सडक कालोपत्रेतर्फका योजना सम्बन्धमा ।

नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रे तर्फको कार्यक्रमको लागि निवेदन प्राप्त भएका देहायका योजनाहरुको लागत इष्टिमेट गर्न लगाई १ महिना भित्र लागत इष्टिमेट तयार भएपछि आगामी बैठकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

क्र.सं	निवेदक	आयोजनाको नाम	वडा नं
१	गणेश थापा	मिलीजुलीटोल (तमु संग्रहालयदेखि उद्योग वाणिज्य संघ जोड्ने सडक	७
२	खुशीराम बराल	ठमेल मार्ग ढलान तथा कालोपत्रे	८
३	हसमाया तमाङ	ठाडोलाइन मिलापको बंगुर पसलबाट भित्र जाने सडक ढलान कार्य	८
४	इश्वर कुमार श्रेष्ठ	पल्लोटारदेखि बयटारसम्मको सडक कालोपत्रे	११
५	होम प्रसाद गुरुङ	चामे मनाङ सडकदेखि सहजीको खुदी जाने पुरानो सडक कालोपत्रे	७
६	ठग बहादुर अधिकारी	सेरा लाल बहादुर श्रेष्ठको घरदेखि मंगलेको घरसम्म सडक कालोपत्रे	८
७	जगत बहादुर राना	झिंगेखोला हुँदै खानेपानी उपभोक्ता समितिको कार्यालय जाने सडक कालोपत्रे	८
८	दुर्गा बहादुर गुरुङ	मनाङे चौतारा तमु आमा समुह र जनचेतना आमा समुह जाने सडक कालोपत्रे	७
९	तारा घिमिरे	जनविकास हाइस्कुल चोक देखि पूर्वतर्फको सडक कालोपत्रे	७

निर्णय नं ७ : विद्युत सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने सम्बन्धमा ।

लमजुङ जिल्ला तथा बेसीशहर नगरपालिका क्षेत्रमा विद्युत संरचनाहरुको पूर्वाधार सुदृढीकरण हुन नसकेको तथा व्यवस्थापकीय क्षमता समेत कमजोर रहेको कारण विगत वर्षहरुदेखि नै विद्युत आपूर्ती नियमित र भरपर्दो हुन नसकी जनगुनासो झन् झन् बढ्दै गइरहेको हुँदा विद्युत सेवालाई दिगोरुपमा नियमित, गुणस्तरीय र प्रभावकारी बनाउनको लागि हालसम्म लमजुङ विद्युत उपभोक्ता संस्थाले गर्दै आइरहेको कार्य नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्रमार्फत सञ्चालन हुने व्यवस्था हुन वा नेपाल विद्युत प्राधिकरणमार्फत गर्न कुनै समस्या रहेमा बेसीशहर नगरपालिका मार्फत गर्न सक्ने व्यवस्थाको लागि सरोकारवाला निकायमा अनुरोध/सिफारिश/ध्याकर्षण गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : त्रिवेणीघाटको बालुवा, गाभेल गिटीको ठेक्का सम्बन्धमा ।

गिटी, बालुवा, ग्राभेल विक्री उपयोग करको लागि बेसीशहर नगरपालिकाबाट २०७७।३।२१ मा प्रकाशित ठेक्का सूचना वमोजिम मर्स्याङ्दी नदी त्रिवेणीघाटको ठेक्का नं १७/२०७७।०७८ को लागि सवैभन्दा बढी रु. १० लाख ५ हजार कवोल गर्ने किस्मत कन्ट्रक्शन एण्ड सर्भिसेज नुवाकोटको ठेक्का स्वीकृत भई संझौताको लागि पत्राचार गरिएकोमा सो फर्म संझौता गर्न नआए पछि दोश्रो अंक (७ लाख २५ हजार) कबोल गर्ने दिक्षीत इन्जिनियर एण्ड विल्डर्स बेसीशहरलाई पत्र काटिएकोमा सो फर्म समेत संझौता गर्न नआएको हुँदा दोश्रो पटक सूचना निकालिएको र दोश्रो पटकमा कुनै पनि फर्मको दरभाउ पत्र नपरेको अवस्थामा बेसीशहर १ स्थित ठाकुरसिंह कन्स्ट्रक्सनका प्रकाश गुरुङले बोलपत्र वमोजिमको न्यूनतम रकम रु ७,००,०००।- (सात लाख) मा ठेक्का संझौताको लागि निवेदन पेश गरेको हुँदा सो रकममा निजसंग ठेक्का संझौता गर्न उचित देखिएकोले सम्झौताको लागि कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ९ : आइसोलेसनमा रहेका कोभिड संक्रमितहरुलाई खाना खर्चको भुक्तानी सम्बन्धमा ।

DCCMC लमजुङको मिति २०७७/०५/२८ को निर्णयानुसार जिल्लामा कोभिड-१९ का संक्रमितहरुको उपचारका लागि निर्मित आइसोलसन वार्डहरुको सञ्चालन तथा व्यवस्थापन DCCMC को प्रत्यक्ष निगरानीमा सम्बन्धित स्थानीय तहबाटै गर्ने तथा स्थानीय तहमा रहेका आइसोलेसनमा खाना (प्रति व्यक्ति प्रति दिन रु ४००।- मा नबढ्ने गरी) लगायतमा भएको खर्च संक्रमित रहेकै दिन (२०७७/०३/०८) देखि नै भुक्तानी गर्नका लागि सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने भन्ने निर्णय भई आएको र सोही अनुसार नगरपालिकामा सुचीकृत भएका फर्महरु मध्येबाट दररेट माग गरिएको र सबैभन्दा घटी दरभाउ पेश गर्ने अस्पताल क्यान्टिनबाट रु ३९०।- प्रति व्यक्ति प्रति दिन स्वीकृत भई मिति २०७७/०३/०९ देखि खाजा तथा खाना खुवाउँदै आएकोमा कोभिड-१९ को जोखिम कहिलेसम्म रहने तथा संक्रमित कति रहने भन्ने समेत एकिन गर्न नसकिने हुँदा अस्पताल क्यान्टिनबाट नै खाना तथा खाजा मिति २०७७/०३/११ मा गरिएको संझौता वमोजिमको दररेटमा यस आ.व. २०७७/०७८ मा पनि उपलब्ध गराउन सो अस्पताल क्यान्टिन सहमत भएको हुँदा प्रति व्यक्ति प्रति दिन रु. ३९०।- का दरले खाना खाजा वापतको रकम भुक्तानी दिदै जाने निर्णय गरियो ।

निर्णय नं १० : फुलबारी मैदान व्यवस्थापन योजनाको म्याद थप सम्बन्धमा ।

गत आवमा ठेक्का संझौता भई चालु आवमा निर्माण कार्य भइरहेको बेसीशहर नगरपालिका ८ स्थित फुलबारी मैदानको ठेक्का संझौताको म्याद २०७७ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं ११ : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय :

१. विष्ट निर्माण सेवा, बेसीशहर नगरपालिका ६ (प्रोपराइटर श्री विष्णु बहादुर विष्ट)

निर्णय नं १२ : गरीवसंग विश्वेश्वरतर्फको कार्यक्रम सम्बन्धमा ।

चालु आव २०७७।०७८ मा गरीवसंग विश्वेश्वर कार्यक्रमको लागि प्राप्त पुँजीगत बजेटबाट बेसीशहर नगरपालिका वडा नं १० (साविक बाँझाखेत गाविस) मा सम्वन्धित वडा समितिको निर्णय समेतका आधारमा समुहका सदस्यहरुलाई फाइदा पुग्ने गरी लोकल कुखुरा पालन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं १३ : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रस्ताव कार्यान्वयन अनुगमन समिति तथा प्राविधिक समितिको गठन सम्बन्धमा

१३.१ बेसीशहर नगरपालिकाबाट स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा १२ (३) वमोजिम गठित अनुगमन समितिलाई देहाय अनुसार पूर्णता दिने निर्णय गरियो ।

देहाय :

क) उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी	संयोजक
ख) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्री मन्दिरा दनाई	सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत श्री पुष्पराज पौडेल	सदस्य
घ) योजना तथा पूर्वाधार विकास शाखा प्रमुख श्री विशाल ढकाल	सदस्य
ङ) कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल	सदस्य
च) अधिकृत राजश्व शाखा श्री सुशिला श्रेष्ठ	सदस्य सचिव

१३.२: सोही कार्यविधिको दफा १४ (१) वमोजिम देहाय वमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

क) योजना तथा प्राविधिक शाखा प्रमुख इन्जिनियर श्री विशाल ढकाल	संयोजक
ख) कार्यक्रम अकिकृत श्री मेघेन्द्र पोखरेल	सदस्य
ग) अधिकृत राजश्व शाखा (शाखा प्रमुख) श्री सुशिला श्रेष्ठ	सदस्य सचिव

१३.३: सोही कार्यविधिको दफा १५ (१) वमोजिम देहाय वमोजिमको गुनासो सम्बोधन समिति गठन गर्ने निर्णय गरियो ।

क) उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी	संयोजक
ख) इन्जिनियर श्री विशाल ढकाल	सदस्य
ग) अधिकृत राजश्व शाखा (शाखा प्रमुख) श्री सुशिला श्रेष्ठ	सदस्य सचिव

निर्णय नं १४ : मुद्धा पुर्पक्षको लागि बजेट विनियोजन सम्बन्धमा ।

बेसीशहर नगरपालिका समेतलाई विपक्षी बनाई दायर गरिएका एवम् दायर हुन सक्ने तथा बेसीशहर नगरपालिका स्वयं वादी भई पुर्पक्षको लागि लड्नु पर्ने मुद्धाहरुमा कानून व्यवसायीको सेवा शुल्क लगायतको लागि हुने खर्चको लागि संस्थागत विकास, सेवा प्रवाह र सुशासन शिर्षकको सार्वजनिक सुनुवाई, समीक्षा, सामाजिक परीक्षण शिर्षकबाट रु २ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १५ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।

चालु आवका देहायका योजनाहरु सम्बन्धित वडाको सिफारिश समेतका आधारमा देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

क्र.सं	साविक योजना/कार्यक्रमको नाम र ठेगाना	विनियोजित रकम रु	संशोधित योजनाको नाम र ठेगाना	विनियोजित रकम रु
१	सरकारी विद्यालयहरुको लागि दिवा खाजा बेनपा २	२०००००	सरकारी विद्यालयहरुको माग अनुसार आवश्यक सामाग्री खरीद	२०००००
२	काल्ने कटहरे सिंचाई बेनपा २	३०००००	काल्ने वडाहरे सिंचाई बेनपा २	३०००००
३	तिलानदी टारी फोस्रे मोटरबाटो (नगरस्तरीय) बेनपा ४ तिलानदी सिमलगैरी फोस्रे मोटरबाटो बेनपा ४	४०००० ६०००००	टारी फोस्रे मोटरबाटो बेनपा ४ (नगरस्तरीय र वडास्तरीय गरी)	१०००००

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०७/२५ गतेको बैठक

निर्णय नं १६ : विविध/आयुर्वेद स्वास्थ्य केन्द्रको लागि प्रतिनिधि तोक्ने सम्बन्धमा ।

बेसीशहर १० स्थित आयुर्वेद स्वास्थ्य केन्द्रमा बेसीशहर नगरपालिकाको तर्फबाट एक जना प्रतिनिधि तोक्ने सम्बन्धमा छलफल हुँदा कार्यपालिका सदस्य तथा सामाजिक विकास समितिका संयोजक श्री देव बहादुर गहतराजलाई तोक्ने निर्णय गरियो ।